**खप्तड छेडेदह गाउँपालिका**

---

---

**खण्डः.....** **संख्याः ...** **मितिः२०८१ माघ ०८  गते, मंगलवार**

**भाग २**

**खप्तड छेडेदह गाउँपालिकाको मिति २०८१।१०।०८ गते गाउँ सभाबाट स्विकृत भएको खप्तड छेडेदह गाउँपालिका एम्बुलेन्स सेवा संचालन सम्बन्धि कार्यविधि,२०८१ सार्वजनिक जानकारीको लागि देहायबमोजिम प्रकाशन गरिएको छ ।**

**आज्ञाले,**

**नन्द बहादुर रावत**

**प्रमुख प्रशासकीय अधिकृत**

**खप्तड छेडेदह गाउँपालिका**

**एम्बुलेन्स संचालन सम्बन्धि कार्यविधि २०८१**

**प्रस्तावना:**

विभिन्न प्रकारका सर्ने तथा नसर्ने प्रकृतिका रोगहरुको कारण खप्तड छेडेदह गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्याबाट सुरक्षित राख्ने उदेश्यले खप्तड छेडेदह गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय वा मातहतका स्वास्थ्य संस्थामार्फत संचालनमा ल्याउने सन्दर्भमा यसको व्यवस्थित सञ्चालन, व्यवस्थापन र दिगोपनका लागि कानूनी व्यबस्था गर्न वाञ्छनीय भएकोले, **स्थानीय सरकार संचालन ऐन २०७४, ले दिएको अधिकार प्रयोग गरी खप्तड छेडेदह गाउँपालिका गाउँकार्यपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ।**

**परिच्छेद एक**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भ:** (क) यस कार्यविधिको नाम **"खप्तड छेडेदह गाउँपालिका एम्वुलेन्स संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. **"एम्वुलेन्स"** भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वाहन भन्ने जनाउँछ।

ख. **"ऐन"** भन्नाले खप्तड छेडेदह गाउँपालिका स्वास्थ्य सेवा ऐन २०८०, लाई जनाउँछ।

ग. **"गाउँपालिका"** भन्नाले खप्तड छेडेदह गाउँपालिकालाई जनाउँछ।

घ. **"कार्यपालिका"** भन्नाले खप्तड छेडेदह गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउँछ।

ङ. **" 'बोर्ड "**भन्नाले गाउँपालिकाको बोर्डलाई सम्झनु पर्दछ।

च. **" 'समिति"** भन्नाले एम्वुलेन्स संचालन र व्यवस्थापनका लागि गठन भएको संचालक समितिलाई जनाउँछ।

छ. **"कर्मचारी"** भन्नाले खप्तड छेडेदह गाउँपालिकाको कार्यालयमा कार्यरत स्थायी, अस्थायी वा करारमा कार्यरत कर्मचारीलाई जनाउँछ। यस शब्दले एम्वुलेन्स संचालनमा संलग्न चालक समेतलाई जनाउँछ।

ज. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले खप्तड छेडेदह गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भै कामकाज गर्ने अधिकृतलाई जनाउँछ।

झ. **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले खप्तड छेडेदह गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी समय समयमा तोकिदिए बमोजिम सम्झनु पर्दछ।

ञ. **एम्बुलेन्स जनशक्ति भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक भन्ने जनाउँछ।**

## परिच्छेद दुई :
## एम्बुलेन्स संचालन सम्बन्धी व्यवस्था

३. **उदेश्य**: यस कार्यविधीको प्रमुख उद्देश्य गाउँपालिकाको क्षेत्र भित्र र अन्य नजिकका स्थानीय तहको समेत स्वास्थ्य समस्या भएका नागरिकहरुलाई उपचारका लागि नजिकको अस्पताल वा स्वास्थ्य संस्थासम्म पुर्याउने तथा उपचारपश्चात विरामीलाई घरसम्म पुर्याउन दिगो र भरपर्दो सेवा सञ्चालन गर्नु रहेको छ।

४. **छनौट र प्राथमिकता :**

(१) एम्वुलेन्स**को उपयोगको लागि गाउँपालिका क्षेत्र भित्रका सुत्केरी, आकस्मिक उपचार प्रदान गर्नुपर्ने विरामी तथा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई गाउँ क्षेत्रभित्र निशुल्क सेवा प्रदान गरिनेछ**। अन्य विरामीको हकमा नियमानुसारको शुल्क लिई सेवा उपलब्ध गराइनेछ।

५. **सञ्चालक समिति:**(१) एम्वुलेन्स सेवाको व्यबस्थित उपयोग, सञ्चालन, खटनपटन र व्यवस्थापनका लागि खप्तड छेडेदह गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एम्वुलेन्स संचालक समितिको गठन गरिनेछ।

(२) उप विनियम (१) बमोजिम गठन हुने एम्वुलेन्स संचालक समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्।

**१. गाउँपालिका अध्यक्ष – संयोजक**
**२. प्रशासन शाखा प्रमुख– सदस्य**
**३. आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य**
**४. अस्पताल प्रमुख – सदस्य**
**५. स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव**

(३) समितिको कुनै सदस्यले एम्वुलेन्सको प्रभावकारी संचालन र व्यवस्थापनमा बाधा पुग्ने गरी वा गाउँपालिकाको हित विपरित हुने गरी काम गरेको पाइएमा गाउँ कार्यपालिकाको बैठकले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ।

(४) संचालक समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउने छ। एम्वुलेन्स संचालक समितिको बैठक भत्ता अधिकतम महिनाको १ बैठकका लागि गाउँपालिकाको नियमानुसार भुक्तानी हुनेछ ।

६. **काम, कर्तव्य र अधिकार** : (१) एम्वुलेन्स संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ .

क. गाउँपालिकाको बोर्ड बैठकले निर्णय गरी कार्यान्वयनमा ल्याएको कार्यविधि बमोजिम एम्वुलेन्सको दैनिक खटन पटन गर्ने।

ख. एम्वुलेन्स सञ्चालन भएको पटक यकिन गरी सो को अभिलेख अद्यावधिक गरी राख्ने,

ग. निर्णय नभएको कार्यमा एम्वुलेन्सको प्रयोग भएको पाइएमा तत्काल एम्वुलेन्स फिर्ता गर्न लगाउने,

घ. तत्काल फिर्ता गर्न अटेर गरेको अवस्थामा प्रहरी प्रशासनको सहयोग लिई एम्वुलेन्स फिर्ता गराउने,

ङ. अनधिकृत प्रयोग भएको अवधीको लागि सञ्चालक समितिले उचित जरिवाना लगाई असूल उपर गरी सञ्चालन कोषमा जम्मा गर्ने गराउने,

च. कुनै व्याक्ति वा संस्थाले एम्वुलेन्स भाडामा लिई सञ्चालन गरेको अवस्थामा सम्झौता गरि सम्झौता बमोजिमको भाडा बापतको रकम असुल गरी कोषमा जम्मा गराउने,

छ. एम्वुलेन्स मर्मत संभार गर्नु पर्ने भनी चालकले दिएको निबेदन उपर आवश्यक छानबिन गरी स्वीकृतिका लागि गाउँ प्रमुख समक्ष सिफारिश गर्ने,

ज. एम्वुलेन्स सञ्चालनमा खटिएका कर्मचारीहरुको कार्यसम्पादन क्षमता, एम्वुलेन्सको समुचित रेखदेख र व्यवस्थापनमा निजहरुले खेलेको भूमिकाबारे गाउँकार्यपालिकाको कार्यालयलाई सुझावहरु दिने,

झ. एम्वुलेन्सको प्रभावकारी व्यबस्थापन र सञ्चालनका लागि आवश्यक देखेका अन्य विषयहरुमा गाउँपालिकाको कार्यालय र गाउँपालिकाको बोर्डलाई आवश्यक सुझावहरु दिने र प्राप्त निर्देशन अनुरुप कार्य गर्ने ।

(२) एम्वुलेन्स सञ्चालक समितिका अन्य काम, कर्तव्य र अधिकारहरु गाउँपालिकाको बोर्ड बैठकको निर्णयबमोजिम हुनेछन् ।

**परिच्छेद तीन :**

**कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारीको नियुक्ति:**

७. **कर्मचारीको नियुक्ति:**(१) एम्वुलेन्स सञ्चालनका लागि एक जना चालक (हलुका सवारी चालक प्रथम तह वा सोसरह) कर्मचारी करार सेवामा नियुक्ति गरिने छ ।

८. (२) उप विनियम (१) बमोजिम कर्मचारी भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने **पारिश्रमिक तथा सेवाका शर्तहरु**:(१) एम्वुलेन्स चालकले गाउँपालिकाको निर्णयबमोजिम नियुक्तिका बखत करार सम्झौतामा उल्लेख भए बमोजिमको तलब पाउनेछ ।

(२) एम्वुलेन्स चालकले उपनियम (१) बमोजिम पाउने तलब बाहेक एम्वुलेन्स सञ्चालन भएको दिनका लागि संचालक समितिले तोकेबमोजिम भ्रमण भत्ता पाउनेछ ।

तथा कर्मचारी नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको कार्यालयले प्रचलित कानूनबमोजिमको रीत पुर्याई गर्नेछ ।

**९. आचरण**: (१) एम्वुलेन्स चालकले देहाय बमोजिमका आचरणहरुको पालना गर्नु पर्नेछ :

क. एम्वुलेन्सको उचित तरिकाले सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

ख. एम्वुलेन्स सञ्चालन भएको अवधी र खपत भएको इन्धनको दैनिक रुपमा अभिलेख राख्ने,

ग. एम्वुलेन्स सञ्चालन गर्ने निर्णय भएको स्थान बाहेक अन्यत्र एम्वुलेन्स उपयोग गर्दा समितिको पूर्व अनुमति लिने,

घ. एम्वुलेन्सको नियमित सरसफाई, लुब्रिकेन्ट चेकअप तथा नियमित मर्मत संभारका लागि समुचित ध्यान दिने,

ङ. एम्वुलेन्स सञ्चालनको क्रममा हुन सक्ने संभावित दुर्घटना तथा क्षति उपर सावधानी अपनाई एम्वुलेन्सको सुरक्षा गर्ने,

च. एम्वुलेन्सको दुर्घटना बीमा गराउने विषय तथा समयमा प्रिमियम बुझाए नबुझाएको विषयमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा समयमै जानकारी गराउने,

छ. एम्वुलेन्स सञ्चलनमा लैजानु पूर्व एम्वुलेन्स संचालन शुल्क गाउँपालिकाको सँचित कोषमा दाखिला भए नभएको एकिन गर्ने, सञ्चालन शुल्क दाखिला भएको अवस्थामा मात्र सञ्चालनमा लैजाने । र आकस्मिक अवस्थामा सँचालन गर्नुपर्ने भएमा प्रमुख प्रशासकीयको निर्देशनमा मात्र सञ्चालनमा लैजाने,

ज. एम्वुलेन्स सञ्चलनमा लैजानु पूर्व एम्वुलेन्सको अवस्था चेकजांच गरी सुरक्षा अवस्था एकिन गर्ने । असुरक्षित अवस्थामा एम्वुलेन्स सञ्चालन नगर्ने,

झ. एम्वुलेन्स संचालन सम्बन्धमा सञ्चालक समिति र प्रमुख प्रशासकीय अधिकृतलेले दिएको निर्देशनहरुको पालना गर्ने ।

**१०. अवकाश दिन सकिने**: (१) आफ्नो पदीय जिम्मेवारी पुरा नगरेको अवस्थामा एम्वुलेन्स चालकलाई प्रमुख प्रशासकीय अधिकृतले पदबाट हटाउन सक्नेछ ।

## परिच्छेद चार

## मर्मत संभार सम्बन्धी व्यबस्था

११.**सेवा शुल्क तथा इन्धनको व्यबस्था:**(१) यस कार्यविधि बमोजिम गाउँवासीहरुले र नजिकका स्थानीय तहका नागरिकहरुले एम्वुलेन्स भाडामा प्रयोग गर्दा लाग्ने सेवाशुल्क अनुसूची ४ वमोजिम हुनेछ।

(२) गाउँ कार्यपालिकाको निर्णय वमोजिम गाउँक्षेत्रभित्रका विपन्न नागरिकका लागि एम्वुलेन्स प्रयोग हुँदा लाग्ने खर्च गाउँकार्यपालिकाको निर्णय बमोजिम छुट हुन सक्नेछ।

(३) उप विनियम (१) बमोजिम सेवा प्रयोग गरेबापत रकम सम्बन्धित सेवाग्राहीले सेवा शुल्कको रुपमा बुझाउनुपर्ने छ। सेवा शुल्क बापत लिइने रकम नगदी रसिद काटी दफा (१२) बमोजिमको कोषमा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ।

**एम्वुलेन्स संचालन कोष:**(१) एम्वुलेन्सको नियमित मर्मत संभार गरी एम्वुलेन्सको संचालनलाई सुनिश्चित गर्न छुट्टै एक एम्वुलेन्स सञ्चालन कोष खडा गरिनेछ।

(२) उप विनियम (१) बमोजिम खडा गरिने एम्वुलेन्स सञ्चालन कोषमा देहायबमोजिमको रकम समेत जम्मा गरिनेछ :

क) सेवा उपभोग गर्ने व्यक्ति वा संघ संस्थाबाट प्राप्त सेवाशुल्क बापतको रकम,

ख) भाडामा प्रयोग गर्न दिएको अवस्थामा भाडा बापत प्राप्त रकम,

ग) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट एम्वुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

घ) अन्य दातृनिकायबाट प्राप्त अन्य कुनै अनुदान तथा सहयोग रकम, आदि।

१२.**कोषको सञ्चालन र उपयोग:**(१) एम्वुलेन्स सञ्चालन कोष प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ।

(२) एम्वुलेन्स सञ्चालन कोषमा जम्मा भएको रकम एम्वुलेन्सको नियमित मर्मत संभार, इन्धन, लुब्रिकेन्टस तथा कर्मचारीहरुको भत्ता, सञ्चालक समितिको बैठक भत्ताका लागि खर्च गर्न सकिनेछ।

## परिच्छेद पाँच :

## विविध

१३.**लेखा र लेखा परीक्षण**:(१) एम्वुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको लेखा आर्थिक प्रशासन ऐन तथा नियमावली अनुरुप राखिनेछ।

२) एम्वुलेन्स सञ्चालन कोषको आम्दानी र खर्चको हिसाव महालेखा परीक्षकको कार्यालयबाट खटिने लेखापरिक्षकबाट सालवसाली रुपमा लेखापरीक्षण गराईनेछ।

१४.**विवादको समाधान :**(१) एम्वुलेन्स सञ्चालन गरी सेवा प्रदान गर्ने सन्दर्भमा कुनै विवाद उत्पन्नभएमा एम्वुलेन्स संचालक समितिले सम्बन्धित पक्षहरुसंग छलफल गरी समाधान गर्नेछ।

२) एम्वुलेन्स सञ्चालक समितिले समाधान गर्न नसकेको विवादहरु गाउँपालिका बोर्डको निर्णयबाट समाधान गरिनेछ।

१५.**भाडामा दिन सकिने :** (१) गाउँपालिकाले एम्वुलेन्स सञ्चालन गर्न कुनै व्यक्ति वा संस्था मार्फत एम्वुलेन्स सञ्चालन गर्न उपयुक्त देखेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरी एम्वुलेन्स भाडामा प्रयोग गर्न दिन सक्नेछ। यसरी भाडामा दिदा सेवा प्रवाहको सुनिश्चितता हुनेगरी मात्र दिनुपर्नेछ।

२) उप विनियम (१) बमोजिम एम्वुलेन्स भाडामा दिंदा प्रति दिन वा महिनाको भाडा दर तथा अन्य शर्तहरु गाउँपालिकाको कार्यपालिका बैठकले निर्धारण गरिदिए बमोजिम हुनेछ।

१६.**कार्यविधिमा संशोधन:** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गर्नु परेमा गाउँकार्यपालिकाको बैठकले निर्णय गरी थपघट वा संशोधन गर्न सक्नेछ।

१७.**प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा लेखिएका कुराहरुको हकमा यसै बमोजिम र नलेखिएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची १

एम्बुलेन्स संचालन अभिलेख

खप्तड छेडेदह गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

डोगडी, बाजुरा ।

| मिति | स्थान | | कि.मि | | सेवा शुल्क | बिरामीको नाम | बिरामी कुरुवाको नाम | बिरामीको प्रकृति | ठेगाना | कुरुवाको हुस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | देखि | सम्म | सुरु | अन्तिम | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

तयार गर्ने
सवारी चालक श्री

रुजु गर्ने
स्वास्थ्य शाखा प्रमुख श्री

प्रमाणित गर्ने

अनुसूची २

एम्बुलेन्स मर्मत संभार सम्वन्धी अभिलेख

खप्तड छेडेदह गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

डोगडी, बाजुरा ।

| मिति | मर्मर खर्चको विवरण | | | जम्मा खर्च | मर्मत कमपनी | कैफियत |
|---|---|---|---|---|---|---|
| | सामान | ज्याला | लुब्रिकेन्टस | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| रेकर्ड राख्ने : | प्रमाणित गर्ने : | स्वीकृत गर्ने : |
|---|---|---|
| जिन्सी प्रमुख | प्रशासन शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

## अनुसूची ३

## भाडामा लिनेदिने सम्झौता पत्र

खप्तड छेडेदह गाउँपालिका (जसलाई पछि प्रथम पक्ष भनिने छ) र ......... बस्ने श्री ........... ........... (यस पछि दोस्रो पक्ष भनिने छ) बीच बाजुरा जिल्ला .......... गाउँपालिका....... वडा नं ......... मा ............ एम्वुलेन्स सेवा प्रदान गर्ने प्रयोजनका लागि एम्वुलेन्स भाडामा दिने लिने सम्बन्धमा निम्न अनुसारको शर्तहरु दुवै पक्षले पूर्ण रुपमा पालना गर्न मञ्जर भई यो सम्झौता पत्रमा सहीछाप गरी लियौँ दियौँ।

शर्तसरु

१. एम्वुलेन्स भाडामा लिने (दोस्रो पक्षका) श्री ..................................ले एम्वुलेन्स भाडामा लिदा एम्वुलेन्स सञ्चालनमा आएपछि प्रतिदिन रु ......................................... का दरले प्रथम पक्षलाई भाडा तिर्ने गरी भाडामा प्रयोग गर्न पर्नेछ।

२. यो सम्झौता मिति २०........... गते देखि २०........... गते सम्म लागु हुने छ।

३. सम्झौताको अवधि भन्दा बढी समय एम्वुलेन्स प्रयोग गर्नु परेमा दोस्रो पक्षले प्रथम पक्षलाई निवेदन दिई अनुरोध गरेमा थप समयमा पनि सम्झौता गरी प्रयोग गर्न सकिने छ।

४. दोश्रो पक्षले एम्वुलेन्स भाडामा लिनु पूर्व भाडामा लिएको अवधीको सम्पूर्ण रकम गाउँपालिकाको कार्यालय मार्तडी बाजुरामा धरौटी स्वरुप जम्मा गर्नु पर्ने छ।

५. दोश्रो पक्षले एम्वुलेन्स सञ्चालनमा ल्याउने सम्झौता अवधिभर चालकलाई बस्ने बासको व्यवस्था गरिदिनुपर्नेछ।

६. एम्वुलेन्स सञ्चालन अवधिमा एम्वुलेन्सको मर्मत तथा सर्भिसिङ्ग दोश्रो पक्षले नै गर्नेछ।

७. यो सम्झौता सम्पन्न भै एम्वुलेन्स दास्रो पक्षले जिम्मा लिइसकेपछि कार्यालयमा फिर्ता नबुझाउँदा सम्म सो को पूर्णजिम्मेवारी दोश्रो पक्षले नै लिनु पर्नेछ।

८. यो सम्झौता गरी तोकिएको अवधिका लागि लगिएको एम्वुलेन्स समय समाप्त भएपछि नबुझाएमा दोश्रो पक्षले भाडाबाहेक दैनिक रु .............................................. का दरले प्रथम पक्षलाई थप हर्जाना तिर्नु पर्ने छ।

९. एम्वुलेन्स प्रयोग गरे बापत कुनै सरकारी कर तिर्नु पर्ने भएमा परेमा दोश्रो पक्षले नै तिर्नु पर्नेछ।

| **भाडामा लिने व्यक्ति/संस्थाको तर्फबाट** | **कार्यालयको तर्फबाट** |
|---|---|
| नाम : | नाम: |
| ठेगाना : | पद: |
| दस्तखत : | दस्तखत : |

## अनुसुची ४

(कार्यविधीको दफा ९ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धि दररेट)

| क्र.स. | देखि | सम्म | सेवा शुल्क(रु.) |
|---|---|---|---|
| १. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-१ | खप्तड छेडेदह गाउँपालिका  स्वास्थ्य चौकी | |
| २. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-२ | खप्तड छेडेदह गाउँपालिका  स्वास्थ्य चौकी | |
| ३. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-३ | खप्तड छेडेदह गाउँपालिका | |
| ४. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-४ | खप्तड छेडेदह गाउँपालिका  स्वास्थ्य चौकी | |
| ५. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-६ | खप्तड छेडेदह गाउँपालिका | |
| ६. | खप्तड छेडेदह गाउँपालिका  वडा नं-७ | खप्तड छेडेदह गाउँपालिका  स्वास्थ्य चौकी | |
| ७. | खप्तड छेडेदह गाउँपालिका | बयलपाटा | |
| ८. | खप्तड छेडेदह गाउँपालिका | डडेलधुरा | |
| ९. | खप्तड छेडेदह गाउँपालिका | धनगढी | |
| १०. | खप्तड छेडेदह गाउँपालिका | सुर्खेत | |
| ११. | खप्तड छेडेदह गाउँपालिका | नेपालगञ्ज | |
| १२ | खप्तड छेडेदह गाउँपालिका | मार्तडी | |